अनुरुप नियमावलीको नियम २२(क) बमोजिम हेटौँडा उपमहानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६।०३।०२ को बैठकले यो मापदण्ड तयार गरी लागु गरेको छ ।

**<u>व्यवसायिक बंगुर फार्म सञ्चालनका लागि आधारभूत मापदण्डहरु</u>**

(क) फार्म राष्ट्रिय राजमार्गबाट कम्तिमा ५०० मिटर टाढा हुनु पर्नेछ ।

(ख) राष्ट्रिय राजमार्ग भन्दा बाहेकको जिल्ला सदरमुकाम जोड्ने सडकको हकमा ३५० मिटर टाढा हुनु पर्नेछ । सो वाहेकको अन्य सडकको हकमा २०० मिटर टाढा हुनु पर्नेछ ।

(ग) बंगुरको खोर फार्मको मुल ढोकाबाट कम्तिमा २० मिटर टाढा हुनु पर्नेछ ।

(घ) फार्म भित्रका खोरहरु बिचको ओपन हाउसको दुरी कम्तिमा २० मिटर टाढा हुनुपर्नेछ ।

(ङ) खोर देखि अन्य व्यवस्थापन (कार्यालय कोठा, दाना भण्डारण कोठा आदि) इकाईको दुरी कम्तिमा २० मिटर टाढा हुनु पर्नेछ ।

(च) बंगुर फार्मबाट मानिस बस्ने घर ५०० मिटर टाढा हुनु पर्नेछ ।

(छ) जग्गाको साँधबाट कम्तिमा १० मिटर छोडेर मात्र फार्म निर्माण गर्नु पर्नेछ ।

(ज) मानिस बस्ने घरमा बंगुर पालन व्यवसाय गर्न पाईने छैन ।

(झ) फार्म भित्र अन्य जनावर छिर्न नमिल्ने गरी पर्खाल वा मसिनो जालीले घेरीएको हुनु पर्नेछ र मुख्य ढोकामा अनुमती विना प्रवेश निषेध भनी लेखिएको हुनु पर्नेछ ।

(ञ) फार्मको नाम ठेगाना उल्लेख भएको फार्मको वोर्ड राखिएको हुनु पर्नेछ ।

(ट) फार्म परिसरको मूल प्रवेशद्वार एउटा मात्रै हुनु पर्नेछ र बाहिर निस्कन संम्भव भएमा अर्को ढोका पछाडी राख्ने व्यवस्था गर्नु पर्नेछ । मूलद्वारमा फूट वाथ तथा ह्वील वाथको व्यवस्था हुनु पर्नेछ । सम्भव भएमा फार्म प्रवेशद्वारमा फोगिंग व्यवस्था हुनु पर्नेछ । छुट्टा-छुट्टै प्रवेशद्वार तथा निकासद्वारको व्यवस्था नभएको अवस्थामा अनिवार्य रूपमा नुहाउने तथा निःसंक्रमणको व्यवस्था गर्नुपर्नेछ ।

(ठ) फार्म भित्र रहेका हरेक ढोकामा फूट वाथ वा स्पेश स्प्रेको व्यवस्था गरिएको हुनु पर्नेछ ।

(ड) फार्म परिसरभित्र मुसा र किरा नियन्त्रण सम्बन्धि व्यवस्था गरिएको हुनु पर्नेछ । बंगुरको दाना राख्ने कोठामा जंगली जनावर तथा अन्य जनावर पस्न नसक्ने हुनु पर्नेछ ।

